## सांस्कृतिक संस्थान

# रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका - २०८१

सांस्कृतिक संस्थान सञ्चालक समितिबाट २०८१ माघ १५ गते स्वीकृत

सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

# रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन
# निर्देशिका २०८१

प्रस्तावना :

सांस्कृतिक संस्थानको नीति र उद्देश्य अनुरूप स्थापना गरिएको रेकर्डिङ स्टुडियोबाट श्रव्यदृश्य सामग्री रेकर्डिङ, मिक्सिङ, सम्पादन गर्ने, चुस्त, दुरुस्त एवम् पारदर्शी व्यवस्थापन गरी व्यावसायिक रूपमा संस्थानको आर्थिक पक्ष सबल बनाउनका लागि कार्यविधि आवश्यक देखिएकाले,

सांस्कृतिक संस्थानको सञ्चालक समितिद्वारा रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१ निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :-**

क) यस निर्देशिकाको नाम "रेकर्डिङ स्टुडियो सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१" रहेको छ ।

ख) यो निर्देशिका सांस्कृतिक संस्थान सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) **"अध्यक्ष"** भन्नाले संस्थानको अध्यक्षलाई सम्झनु पर्दछ ।

ख) **"एडिटिङ/सम्पादन"** भन्नाले श्रव्यदृश्य सम्बन्धी सामग्रीलाई काटछाँट गरी अन्तिम रूप दिने कार्यलाई बुझाउँदछ ।

ग) **"एरेञ्ज"** भन्नाले सङ्गीत संयोजनको कार्यलाई जनाउँदछ ।

घ) **"एरेञ्जर"** भन्नाले सङ्गीत संयोजनको कार्य गर्ने व्यक्तिलाई जनाउँदछ ।

ङ) **"एरेञ्ज चार्ज"** भन्नाले सङ्गीत संयोजन गर्नका लागि सेवाग्राहीले बुझाउनु पर्ने रकम सम्झनु पर्दछ ।

च) **"गायन चार्ज"** भन्नाले सम्बन्धित गीतमा गायनका लागि गायक/गायिकालाई सेवाग्राहीले बुझाउनु पर्ने रकम सम्झनु पर्दछ ।

छ) **"चार्ज"** भन्नाले गायन, वादन, एरेन्ज, एडिटिङ/सम्पादन, मिक्सिङ र सम्पूर्ण श्रव्यदृश्य सम्बन्धी सामग्री तयार गर्दा सेवाग्राहीले तिर्नुपर्ने संस्थानले तोकेको रकमलाई बुझाउँदछ ।

ज) **"निर्माता"** भन्नाले गीत, धून, पार्श्व सङ्गीत, स्वराङ्कन र सम्पूर्ण श्रव्यदृश्य सामग्री सम्बन्धी कार्यका लागि लाग्ने कुल खर्च बेहोर्ने व्यक्ति वा संघसंस्था वा कम्पनी सम्झनु पर्दछ ।

झ) **"पोस्ट प्रोडक्सन"** भन्नाले कुनैपनि भिडियो, वृत्तचित्र, नाटक, टेलिफिल्म, चलचित्र आदि दृश्य निर्माण सम्बन्धी सम्पूर्ण कार्यलाई सम्झनु पर्दछ ।

ञ) **"बाजा चार्ज"** भन्नाले एरेन्ज अनुसार लाइभ वाद्यवादन गर्नका लागि वाद्यवादकलाई सेवाग्राहीले बुझाउनु पर्ने रकम सम्झनु पर्दछ ।

ट) **"महाप्रबन्धक"** भन्नाले सांस्कृतिक संस्थानको महाप्रबन्धकलाई जनाउँदछ ।

ठ) **"मिक्सिङ"** भन्नाले स्वर, बाजा, एरेन्ज र सम्पूर्ण श्रव्य सामग्रीलाई सम्पादन गरी अन्तिम रूप दिने कार्यलाई बुझाउँदछ ।

ड) **"रेकर्डिङ स्टुडियो"** भन्नाले मौलिक लोकगीत, लोकधून, लोकनाटक पार्श्वधून, समग्र लोकसंस्कृति सम्बन्धी श्रव्य सामग्री रेकर्डिङ गर्न, वृत्तचित्र, नाटक, चलचित्र जस्ता श्रव्यदृश्य सामग्रीमा स्वराङ्कन गर्न एवम् सम्पूर्ण श्रव्यदृश्य सामग्री उत्पादनका लागि व्यावसायिक रूपमा समेत सञ्चालन गर्न तयार पारिएको सांस्कृतिक संस्थानको स्वामित्व रहेको रेकर्डिङ स्टुडियोलाई जनाउँदछ ।

ढ) **"रेकर्डिष्ट"** भन्नाले रेकर्डिङ सम्बन्धी कार्य गर्ने व्यक्तिलाई जनाउँदछ ।

ण) **"समिति"** भन्नाले सांस्कृतिक संस्थान सञ्चालक समिति सम्झनु पर्दछ ।

त) **"संस्थान"** भन्नाले सांस्कृतिक संस्थानलाई बुझाउँदछ ।

थ) **"विनियमावली"** भन्नाले सांस्कृतिक संस्थान कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावलीलाई सम्झनु पर्दछ ।

द) **"स्टुडियो चार्ज"** भन्नाले श्रव्यदृश्य सम्बन्धी कार्य सम्पन्न गर्न स्टुडियो प्रयोग गरे बापत सेवाग्राहीले तिर्नुपर्ने रकमलाई बुझाउँदछ ।

ध) **"स्टुडियो समय"** भन्नाले गायन, वादन, एरेन्ज, रेकर्डिङ, मिक्सिङ, एडिटिङ/सम्पादन, स्वराङ्कन र श्रव्यदृश्य सम्बन्धी सम्पूर्ण कार्यको लागि तोकिएको निश्चित समय सम्झनु पर्दछ ।

न) **"साउण्ड इन्जिनियर"** भन्नाले ध्वनि मिश्रण/अडियो मिक्सिङ सम्बन्धी कार्य गर्ने व्यक्तिलाई जनाउँदछ ।

प) **"श्रव्यदृश्य शाखा"** भन्नाले श्रव्यदृश्य सम्बन्धी सम्पूर्ण व्यवस्थापन गर्ने शाखालाई जनाउँदछ ।

## परिच्छेद -२
## स्टुडियो चार्ज रकम सम्बन्धी व्यवस्था

**३. सेवाग्राहीले संस्थानको स्टुडियोबाट सेवा लिंदाको चार्ज देहाय बमोजिम हुनेछः**

क) सामान्यत १० मिनेटसम्मको श्रव्य सामग्री (ट्र्याक) को लागि रु. ६,५००/- (रुपैयाँ छ हजार पाँच सय)

ख) १० मिनेटभन्दा बढी १५ मिनेटसम्मको श्रव्य सामग्री (ट्र्याक) को लागि रु. ८,०००/- (रुपैयाँ आठ हजार)

ग) १५ मिनेटभन्दा बढी २५ मिनेटसम्मको श्रव्य सामग्री (ट्र्याक) को लागि रु. १०,०००/- (रुपैयाँ दश हजार)

घ) २५ मिनेटभन्दा बढी ३० मिनेटसम्मको श्रव्य सामग्री (ट्र्याक) को लागि रु. १५,०००/- (रुपैयाँ पन्ध्र हजार)

ङ) ३० मिनेटभन्दा बढी समयको श्रव्य सामग्री (ट्र्याक) को लागि खण्ड (घ) भन्दा बढी र संस्थानको हित हुनेगरी सम्झौता अनुसार चार्ज निर्धारण गरिनेछ ।

च) सामान्य प्रकृतिको कम समयमा कार्य सम्पन्न हुने वा समय मापनका दरले श्रव्यदृश्य सम्बन्धी कार्य गर्न चाहने सेवाग्राहीको हकमा प्रति घण्टा रु. २,०००/- (रुपैयाँ दुई हजार)

(स्पष्टीकरण: श्रव्यदृश्य सम्बन्धी कार्य गर्दा १ घण्टाभित्र वा सो भन्दा कम समयमा सम्पन्न हुनसक्ने जस्तै : विज्ञापन सामग्री जस्ता श्रव्यदृश्य सामग्री उत्पादन गर्दा सेवाग्राहीले स्टुडियो उपयोग गरेको समयको मापन अनुसार रकम तिर्नु पर्नेछ । जति समय वृद्धि हुँदै जान्छ, त्यसका आधारमा समय मापन गरी प्रति घण्टाका दरले चार्ज पनि क्रमशः वृद्धि गरिनेछ । सो सम्बन्धी कार्य गर्दा १ घण्टाभन्दा जति कम समय लाग्ने भएतापनि १ घण्टाको दरले चार्ज निर्धारण गरिनेछ । १ घण्टाभन्दा बढी भएमा २ घण्टाको समय मापन गरी क्रमशः समय मापन गर्दै सोही अनुरूप चार्ज निर्धारण गरिनेछ ।)

छ) दृश्य सम्पादनको लागि १० मिनेटभित्रको सामग्रीको लागि रु. ८,०००/- (रुपैयाँ आठ हजार)

ज) दृश्य सम्पादनको लागि १० मिनेटभन्दा बढी १५ मिनेसम्मको लागि रु. १०,०००/- (रुपैयाँ दश हजार)

झ) दृश्य सम्पादनको लागि १५ मिनेटभन्दा बढी ३० मिनेटसम्मको लागि रु. १५,०००/- (रुपैयाँ पन्ध्र हजार)

ञ) श्रव्यदृश्य सम्पादन सामग्री ३० मिनेटभन्दा बढी समयको भएमा वा कुनै वृत्तचित्र, टेलिफिल्म, नाटक, टेलिचलचित्र वा चलचित्र सम्बन्धी स्वराङ्कन वा पोस्ट प्रोडक्सन सम्बन्धी अन्य कार्य गर्नु परेमा खण्ड (झ) भन्दा बढी र संस्थानको हित हुनेगरी सम्झौता अनुरूप चार्ज निर्धारण गर्नु पर्नेछ ।

ट) बाजाको चार्ज सम्बन्धमा श्रव्य सामग्रीमा प्रयोग गरिने वाद्यवादन सामग्रीहरू अनुसार चार्ज निर्धारण गरिनेछ । संस्थानका कलाकारद्वारा वाद्यवादन कार्य गर्नुपर्ने भएमा सो को रकम संस्थानले निर्धारण गर्नेछ । संस्थान बाहिरको वाद्यवादक प्रयोग गर्नु परेमा बाजाको चार्ज सम्बन्धित वाद्यवादकलाई सेवाग्राही स्वयंले वाद्यवादकलाई बुझाउनु पर्नेछ ।

ठ) एरेञ्जको चार्ज सम्बन्धमा संस्थानबाटै गर्नुपर्ने भएमा संस्थानले रकम निर्धारण गर्नेछ । तर संस्थान बाहिरको जनशक्ति मार्फत एरेञ्ज सम्बन्धी कार्य गर्नु परेमा सेवाग्राही स्वयंले सम्बन्धित एरेञ्जरलाई एरेञ्ज चार्ज बुझाउनु पर्नेछ ।

ड) गायनको हकमा संस्थानका गायक/गायिका प्रयोग गर्नुपर्ने भएमा संस्थानले रकम निर्धारण गर्नेछ । तर सेवाग्राहीले संस्थान बाहिरका गायक/गायिका प्रयोग गर्नु परेमा सम्बन्धित गायक/गायिकाको पारिश्रमिक सेवाग्राही स्वयंले बुझाउनु पर्नेछ ।

ढ) दृश्य सम्पादन सम्बन्धी कार्यका लागि सेवाग्राहीले संस्थानबाट गर्नुपर्ने भएमा, संस्थानले रकम निर्धारण गर्नेछ । तर संस्थान बाहिरको जनशक्ति मार्फत दृश्य सम्पादन सम्बन्धी कार्य गर्नु परेमा सेवाग्राही स्वयंले सम्बन्धित सम्पादकलाई सम्पादन रकम बुझाउनु पर्नेछ ।

ण) सेवाग्राहीले शब्द रचना, सङ्गीत रचना, नृत्य कलाकार, अभिनय कलाकार, निर्देशन, कोरियोग्राफर लगायत अन्य श्रव्यदृश्य सम्बन्धी सम्पूर्ण क्रियाकलाप संस्थानका कलाकार कर्मचारी मार्फत काम गर्न चाहेमा संस्थानले रकम निर्धारण गर्नेछ । तर सेवाग्राहीले संस्थान बाहिरको जनशक्ति प्रयोग गर्नु परेमा उल्लेखित क्रियाकलाप अनुसार पारिश्रमिक सेवाग्राही स्वयंले सम्बन्धित व्यक्तिलाई बुझाउनु पर्नेछ ।

त) धरौटी बापत श्रव्यदृश्यका लागि सामान्यत रु. ५,०००/- बुझाउनु पर्नेछ । तर ३० मिनेटभन्दा बढी समयको श्रव्यदृश्य सामग्रीको लागि कम्तीमा रु. १५,०००/- बुझाउनु पर्नेछ ।

थ) संस्थान बाहिरको श्रव्यदृश्य सामग्री व्यावसायिक रूपमा संस्थानले तयार गर्दा, संस्थानका कर्मचारीले सांस्कृतिक संस्थान कर्मचारी सेवा, शर्त सम्बन्धी विनियमावली अनुसार कार्य गर्नु पर्नेछ । उपरोक्त काम गरे बापत अतिरिक्त पारिश्रमिक दाबी गर्न पाइने छैन ।

**४. संस्थानको स्टुडियोमा देहाय बमोजिम स्टुडियो समय निर्धारण हुनेछः**

क) गायन समय एकजना व्यक्तिको लागि प्रति गीतको १ घण्टादेखि बढीमा २ घण्टासम्म ।

ख) वाद्यवादन समय एकजना व्यक्तिको लागि प्रति गीतको १ घण्टादेखि बढीमा २ घण्टासम्म ।

ग) एरेञ्ज समय प्रति श्रव्य सामग्रीको ४ घण्टासम्म ।

घ) श्रव्य सामग्री एडिटिङ समय प्रति सामग्रीको ३ घण्टासम्म ।

ङ) मिक्सिङ समय प्रति श्रव्य सामग्रीको ५ घण्टासम्म ।

च) दृश्य सम्पादन समय प्रति सामग्रीको ५ घण्टासम्म ।

## परिच्छेद - ३

## स्टुडियो बुकिङ सम्बन्धी व्यवस्था

**५. स्टुडियो बुकिङ गर्दा देहाय अनुसार गर्नु पर्नेछः**

क) स्टुडियो बुकिङ गर्न चाहने व्यक्ति वा संस्था वा कम्पनीले अनुसूची- १ अनुसारको फाराम भर्नु पर्नेछ ।

ख) निवेदन स्वीकृत भएपछि स्टुडियो चार्ज लिने/दिने सम्बन्धमा संस्थान र सेवाग्राही बीच अनुसूची- २ बमोजिम करार सम्झौता गरिनेछ ।

ग) करार सम्झौता गरिसकेपछि अग्रिम धरौटी बापतको रकम संस्थानले तोकेको बैंक खातामा जम्मा गर्नु पर्नेछ । धरौटी बापत जम्मा गरेको बैंक भौचर संस्थानमा बुझाइसकेपछि मात्र स्टुडियो बुकिङ भएको मानिनेछ । अन्यथा स्टुडियो बुकिङ भएको मानिने छैन ।

घ) स्टुडियो बुकिङ अनलाइन मार्फत गर्दा रकम बुझाएको प्रिन्टकपी अनिवार्य रूपमा संस्थानमा बुझाउनु पर्नेछ ।

ङ) श्रव्यदृश्य शाखाले अनुसूची- ३ बमोजिमको स्वीकृत पत्र सेवाग्राहीलाई प्रदान गरी स्टुडियो बुकिङ भौचर लेखा शाखामा पठाइसकेपछि लेखा शाखाले सेवाग्राहीलाई सो भौचर बराबरको नगदी रसिद प्रदान गर्नु पर्नेछ ।

च) बुकिङ गरिसके पछि रद्द गर्न पाइने छैन । रद्ध गरेमा धरौटी जफत गरिनेछ ।

छ) बुकिङ गरी काम सुरु भइसकेपछि बढीमा ३ महिनाभित्र तोकेको मापदण्ड अनुसार कार्य सम्पन्न गर्नु पर्नेछ । तर कार्य सम्पन्न नगरी सेवाग्राही सम्पर्क विहीन भई ३ महिनापछि ६ महिनाभित्र कार्य गर्न चाहेमा तोकिएको दस्तुरमा ५० प्रतिशत थप रकम र ६ महिनापछि १ वर्ष भित्र सो कार्य गर्न चाहेमा दोब्बर दस्तुर लाग्नेछ । १ बर्षपछि सम्वन्धित सेवाग्राहीको श्रव्यदृश्य सामग्री बिग्रेमा वा हराएमा संस्थान जवाफदेही हुने छैन ।

ज) धरौटी रकम जम्मा गरी तोकिएको समयमा स्टुडियो चार्ज रकम नबुझाएमा धरौटी रकम जफत गरिनेछ ।

## परिच्छेद - ४

## स्टुडियो चार्ज रकम बुझाउने सम्बन्धी व्यवस्था

**६) स्टुडियो चार्ज रकम बुझाउँदा देहाय बमोजिम गर्नु पर्नेछः-**

क) स्टुडियो बुकिङ भइसकेपछि तोकिएको स्टुडियो चार्ज रकम श्रव्यदृश्य सामग्री मिक्सिङ/सम्पादन हुनुभन्दा एकदिन अगाडि नै संस्थानले तोकेको बैंक खातामा जम्मा गरिसक्नु पर्नेछ ।

ख) स्टुडियो चार्ज बापतको रकम बुझाएको सक्कल भौचर लेखा शाखामा बुझाई सो बापतको नगदी रसिद लिनु पर्नेछ ।

ग) अनलाइनबाट बुकिङ गरेको खण्डमा रकम बुझाएको प्रिन्टकपी लेखा शाखामा बुझाई नगदी रसिद लिनु पर्नेछ ।

घ) सेवाग्राहीले धरौटी रकमसँगै स्टुडियो चार्ज पनि अग्रिम रूपमा बुझाउन सक्नेछ ।

## परिच्छेद - ५

## धरौटी कट्टा एवम् फिर्ता सम्बन्धी व्यवस्था

**७) धरौटी कट्टा एवम् फिर्ता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-**

क) श्रव्यदृश्य सामग्रीको मिक्सिङ/सम्पादन कार्य सम्पन्न भइसकेपछि धरौटी रकम फिर्ता लिन रसिद सहित श्रव्यदृश्य शाखामा निवेदन दिनु पर्नेछ ।

ख) धरौटी फिर्ता सम्बन्धी निवेदन श्रव्यदृश्य शाखाले जाँच गरी अनुसूची -४ अनुसारको फाराम भरी लेखा शाखालाई सिफारिस गर्नु पर्नेछ ।

ग) श्रव्यदृश्य सम्बन्धी कार्य गर्दा सेवाग्राहीले स्टुडियोभित्रको कुनै भौतिक संरचनामा क्षति पुऱ्याएमा वा तोकिएको समय भन्दा बढी समय स्टुडियो प्रयोग गरेमा सो समेत हिसाब गरी श्रव्यदृश्य शाखाले भरेको विवरणका आधारमा रकम कट्टा गरी बाँकी रकमको चेक दिनु पर्नेछ । कुनैपनि रकम कट्टा गर्नु नपर्ने भएमा पुरा धरौटी रकम फिर्ता गरिनेछ । धरौटी बापत क्षतिपूर्ति हुन नसकेमा थप रकम सेवाग्राहीबाट असुल उपर गरिनेछ ।

घ) धरौटी बापत राखिएको रकमलाई स्टुडियो चार्ज मिलान गर्न चाहने सेवाग्राहीको हिसाब गरी मिलान गर्न समेत सकिनेछ ।

## परिच्छेद -६

## छुट एवम् सहुलियत सम्बन्धी व्यवस्था

**८) संस्थानको स्टुडियोमा श्रव्यदृश्य सामग्री सम्बन्धी कार्य गर्ने व्यक्ति वा संस्था वा कम्पनीलाई प्रदान गरिने छुट एवम् सहुलियत देहाय अनुसार हुनेछः-**

क) कुनै व्यक्ति वा संस्था वा कम्पनीले एकैपटक कम्तीमा २ वटा श्रव्यदृश्य सामग्री सम्बन्धी कार्य गरेमा ५ प्रतिशत, ३ देखि ५ वटा श्रव्यदृश्य सामग्री सम्बन्धी कार्य गरेमा १० प्रतिशत, ६ देखि माथि जति सुकै श्रव्यदृश्य सामग्री सम्बन्धी कार्य गरेमा स्टुडियो चार्जमा १५ प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

ख) संस्थानका कर्मचारीले स्वयंले आफ्नो श्रव्यदृश्य सामग्री सम्बन्धी कार्य गर्न चाहेमा प्रत्येक श्रव्यदृश्य सामग्रीको स्टुडियो चार्जमा ५० प्रतिशत छुट दिइनेछ । तर स्टुडियो चार्ज बाहेक लाग्ने एरेञ्ज चार्ज, बाजा चार्ज, गायन चार्ज, सम्पादन चार्ज, निर्देशन/कोरियोग्राफर चार्ज जस्ता अन्य जुनसुकै श्रव्यदृश्यका लागि लाग्ने चार्ज सम्बन्धित कर्मचारीले आफैले बेहोर्नु पर्नेछ ।

(स्पष्टीकरण: श्रव्यदृश्य सामग्री बारे के प्रयोजनका लागि हो ? गायन, वादन वा स्वराङ्कन सम्बन्धी पक्षमा के कति समय र जनशक्ति प्रयोग गरिने हो ? बजार व्यवस्थापन कसरी हुने हो ? आदि बारे स्पष्ट खुलाई महाप्रबन्धकलाई निवेदन पेस गरी अनिवार्य स्वीकृति लिनु पर्नेछ । कर्मचारीले संस्थानको कामकारबाही र कार्यालय समयमा असर नपर्ने गरी सो कार्य

गर्नु पर्नेछ । कर्मचारीलाई संस्थानले दिने सहुलियत बाहेक लाग्ने अन्य चार्जहरूमा कर्मचारीहरू बीच एकआपसमा सहकार्य, सहयोग आदानप्रदान गर्न सक्नेछन् । तर संस्थानका कर्मचारी बाहेक अन्य व्यक्ति वा संस्था वा कम्पनीसँग सहकार्य गरी श्रव्यदृश्य सम्बन्धी कार्य गरेमा यो व्यवस्था लागू हुने छैन ।)

### परिच्छेद -७

### स्टुडियो समय पालना सम्बन्धी व्यवस्था

**९) स्टुडियो समय पालना देहाय बमोजिम गर्नु पर्नेछ :-**

क) सेवाग्राहीले स्टुडियोमा लिएको समयानुसार तोकिएको समयमा नै उपस्थित भई सोही बमोजिम समय गणना हुनेछ । अन्यथा सेवाग्राही ढिला गरी बुकिङ गरेको समयभन्दा अन्य समयमा कार्य गर्न पाइने छैन । तोकिएको समयमा उपस्थित नभई अन्य समय लिनुपर्ने भएमा प्रति घण्टा रु १००० (रुपैयाँ एक हजार) अतिरिक्त चार्ज लाग्नेछ ।

ख) सेवाग्राहीले स्टुडियोमा लिएको समयमा प्राकृतिक प्रकोप, विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भई श्रव्यदृश्य सम्बन्धी कार्य अवरुद्ध भएमा कार्य सुरु भइसकेपछि सेवाग्राहीको समय गणना हुनेछ ।

ग) दफा ४ मा तोकिएको समय सीमामा, श्रव्यदृश्य सामग्री सम्बन्धी कार्यको लागि संस्थानमा आवद्ध कलाकार प्राविधिकले तोकिएको समय सीमामा कार्य सम्पन्न गर्न नसेकेमा महाप्रबन्धक समक्ष निवेदन दिएर मनासिब आधार देखिएमा समय थपघट गर्न सकिनेछ ।

घ) संस्थानले आफै उत्पादन गर्नुपर्ने श्रव्यदृश्य सामग्रीको लागि स्टुडियो अनुकूल जुनसुकै समय पनि निर्धारण गर्न सक्नेछ ।

### परिच्छेद ८

### स्टुडियोमा निषेधित कार्यहरू सम्बन्धी व्यवस्था

**१०) स्टुडियो भित्र देहाय बमोजिमको कार्यहरू निषेध गरिएको छ :-**

क) स्टुडियोभित्र कुनै प्रकारको प्रज्वलनशील तथा विस्फोटक पदार्थ, लागूपदार्थ, मादक पदार्थ, हातहतियार र कानुनले निषेध गरेका अन्य जुनसुकै वस्तु तथा सामग्रीहरू ल्याउन पूर्ण रूपमा बन्देज गरिएको छ ।

ख) श्रव्यदृश्य सामग्री उत्पादन गर्दा कुनैपनि सेवाग्राहीले सभ्य संस्कृति सम्प्रेषण हुने किसिमका कन्टेन्ट प्रयोग गर्नु पर्नेछ । तर नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रि एकता, स्वाधीनता, जातीय, धार्मिक, सामाजिक एवम् सांस्कृतिक सद्भाव खलबलाउने, अदालतको मानहानी हुने तथा मित्र राष्ट्रहरूसँगको सम्बन्धमा आँच पुऱ्याउने किसिमका कन्टेन्ट प्रयोग गर्न पाइने छैन । संस्थानको स्टुडियो मार्फत उत्पादन भएका कुनै सेवाग्राहीको श्रव्यदृश्य सामग्रीका सम्बन्धमा सम्बन्धित सेवाग्राही नै पूर्णत जवाफदेही हुनेछ ।

## परिच्छेद- ९

## श्रव्यदृश्य शाखामा कार्यरत कर्मचारीहरूको समय सम्बन्धी व्यवस्था

**११) श्रव्यदृश्य शाखामा कार्यरत कर्मचारीहरुको समय पालना देहाय बमोजिम हुनेछः**

क) बिदाको दिन श्रव्यदृश्य सम्बन्धी कार्य सम्पन्न गर्नु परेमा सो कर्मचारीले सट्टा बिदा पाउनेछ ।

ख) बिदाको दिन काम गर्नुपर्ने भएमा सो बारे सम्बन्धित कर्मचारीले महाप्रबन्धकको अनिवार्य स्वीकृति लिनु पर्नेछ ।

ग) सट्टा बिदाका लागि सार्वजनिक बिदाको दिन नेपाल सरकारबाट तोकिएको पुरा कार्यालय समय अवधि काम गरेको हुनु पर्नेछ ।

## परिच्छेद-१०

## श्रव्यदृश्य उत्पादन तथा सर्वाधिकार सम्बन्धमा

**१२.संस्थानको स्टुडियोबाट उत्पादन हुने श्रव्यदृश्य सामग्रीमा देहाय बमोजिम सर्वाधिकार हुनेछः**

क) संस्थानका लागि आवश्यक श्रव्यदृश्य सामग्री निर्माण गर्नका निम्ति संस्थानले आफै खर्च बेहोर्नु पर्नेछ ।

ख) खण्ड (क) अनुसार कार्य सम्पन्न भएका श्रव्यदृश्य सामग्रीको हकमा प्रतिलिपि अधिकार सम्बन्धित स्रष्टा/सर्जककै रहनेछ । तर सो श्रव्यदृश्य सामग्रीको अन्य सर्वाधिकार र आय-आर्जनमा आर्थिक अधिकार भने संस्थानको मात्रै हुनेछ । सो श्रव्यदृश्य नेपाल सरकारको स्वामित्वमा गणना हुने भएकाले र सो कार्य गर्नु संस्थान विनियमावली अनुसार संस्थानमा कार्यरत कर्मचारीको अनिवार्य दायित्व एवम् जिम्मेवारी भएकाले संस्थानलाई मात्रै सर्वाधिकार हुनेछ ।

ग) दफा (८) को खण्ड (ख) बमोजिम कार्य गर्ने संस्थानका कर्मचारीले संस्थानलाई आफ्नो प्रतिलिपि अधिकार रहेको श्रव्यदृश्य सामग्रीलाई समेत खण्ड (ख) अनुसार राजीखुशी भई हस्तान्तरण गर्न सक्नेछन् । तर दफा (८) को खण्ड (ख) अनुसार तोकिएको मापदण्ड पुरा गरी कार्य गर्ने संस्थानका कर्मचारीको हकमा सम्बन्धित सिर्जनाको सम्पूर्ण सर्वाधिकार स्वयंमा निहित हुनेछ ।

घ) संस्थानको कुनै कर्मचारीले संस्थानको उद्देश्य र हित हुने किसिमको उत्कृष्ट मौलिक सिर्जनाको कार्य गरेमा, सो सिर्जनालाई समितिले मूल्यांकन गरी संस्थानले श्रव्यदृश्यको रूपमा उत्पादन गर्न सक्नेछ । सो को लागि खण्ड (क) र (ख) अनुसार व्यवस्था लागू हुनेछ ।

## परिच्छेद-११
## विविध

**१३. संस्थानसँग सम्बन्धित अन्य विषयमा देहाय बमोजिम हुनेछ :**

क) स्टुडियो सञ्चालन भइरहेको अवस्थामा कुनैपनि समस्या आएमा श्रव्यदृश्य शाखा प्रमुख मार्फत व्यवस्थापन समक्ष समस्या समाधानका लागि समन्वय गर्नु पर्नेछ ।

ख) स्टुडियोभित्र आइपर्ने जुनसुकै समस्याको समाधान गर्न संस्थानले लिने निर्णय अन्तिम हुनेछ ।

ग) स्टुडियो चार्ज, धरौटी रकम वा अन्य आर्थिक कारोबारहरू संस्थानको लेखा शाखासँग मात्र गर्नु पर्नेछ । सो सम्बन्धी सहजीकरण श्रव्यदृश्य शाखाले गर्नु पर्नेछ ।

घ) स्टुडियो सम्बन्धी समय मिलान सम्बन्धी कार्य श्रव्यदृश्य शाखाबाट हुनेछ ।

ङ) स्टुडियोको विविध उपकरण र सामग्रीहरू मितव्ययी ढंगले प्रयोग गर्नु पर्नेछ ।

च) स्टुडियोमा सेवाग्राहीले आफ्नो सामानको सुरक्षा आफै गर्नु पर्नेछ । कुनै पनि सामान हराए वा नोक्सानी भएमा संस्थानले जिम्मेवारी लिने छैन ।

छ) अतिरिक्त समयमा, कार्यालय समय अगाडि वा पछाडि काम गर्नु परेमा वा अन्य सार्वजनिक बिदाका दिनमा श्रव्यदृश्य सम्बन्धी कार्य गर्नु परेमा सो दिनका लागि तोकिएको कर्मचारीलाई रु.४००/- खाजा खर्च उपलब्ध गराइनेछ । तर संस्थानको आफ्नै श्रव्यदृश्य सम्बन्धी कार्यका लागि भने सो दिनका लागि तोकिएको जनशक्तिलाई खाजा खर्च बापत रकम उपलब्ध गराइने छैन ।

ज) श्रव्यदृश्य शाखामा कार्यरत कर्मचारीले कार्यालय समय पुरागरी बिहान वा बेलुका काम गर्नु परेमा महाप्रबन्धकको अनुमति लिई न्यूनतम २ घण्टा बढी समय काम गरेमा मात्र खाजा खर्च बापत रकम दिइनेछ ।

झ) दफा (११) को खण्ड (घ) अनुसार सार्वजनिक बिदाको दिन समय मापदण्ड पुरा नगर्ने कर्मचारीले सट्टा बिदा पाउने छैन । खण्ड (ज) अनुसार मापदण्ड पुरा गरे खाजा खर्च मात्र पाउनेछ ।

ञ) संस्थानका लागि आवश्यक श्रव्यदृश्य सामग्री निर्माणका निम्ति सामान्य प्रकृतिको रु. ३ लाखसम्म आर्थिक दायित्व पर्ने श्रव्यदृश्य सामग्री उत्पादनको लागि महाप्रबन्धकले निर्णय गर्न सक्नेछ । तर रु. ३ लाखभन्दा बढी आर्थिक दायित्व पर्ने सामग्री उत्पादन गर्नु परेमा सञ्चालक समितिबाट निर्णय गर्नु पर्नेछ ।

**१४) अतिरिक्त काम गरेको विवरण :**

श्रव्यदृश्य शाखामा कार्यरत कर्मचारीले अतिरिक्त काम गरेको विवरण संस्थानको विद्युतीय हाजिरी विवरण संलग्न गरी अनुसूची - ५ अनुसारको फाराम भरी प्रत्येक महिनाको ५ गते भित्र अघिल्लो महिनाको स्टुडियो सञ्चालन गरिएको विवरण महाप्रबन्धकबाट प्रमाणित गराई प्रशासन शाखा र लेखा शाखामा अनिवार्य बुझाउने पर्नेछ ।

**१५) बाधाअड्चन फुकाउने :**

यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधाअड्चन परेको खण्डमा सो बाधाअड्चन फुकाउने अधिकार महाप्रबन्धकलाई हुनेछ ।

**१६) खारेजी र बचाउ :**

यस निर्देशिका बमोजिम भएको कामकारबाही यसै निर्देशिका बमोजिम र अन्य क्रियाकलाप नेपालको प्रचलित कानून बमोजिम हुनेछ । निर्देशिका खारेजी र बचाउको अधिकार संस्थानको सञ्चालक समितिलाई हुनेछ ।

अनुसूची-१

मिति २०८१/ /

श्री महाप्रबन्धक ज्यू ।
सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

**विषय: श्रव्यदृश्य सम्बन्धमा ।**

उपरोक्त विषय सम्बन्धमा हाम्रो संस्था/कम्पनी/म.................................................................. द्वारा यस सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो मार्फत मिति ................. साल ............ महिना....... गते.................बार बिहान/दिउँसो/साँझ ........... बजेदेखि ............बजेसम्म श्रव्य/दृश्य सम्बन्धी कार्य गर्न इच्छुक भएकाले नियमानुसार देहाय बमोजिमको कार्य सम्पादन गर्ने प्रबन्ध मिलाइदिनु हुन विनम्र अनुरोध छ ।

तपसिल :

क) एरेञ्ज (संगीत संयोजन)
ख) वाद्यवादन रेकर्डिङ
ग) गायन रेकर्डिङ
घ) एडिटिङ/सम्पादन
ङ) मिक्सिङ
च) स्वराङ्कन
छ) पोस्ट प्रोडक्सन
ज) अन्य

धरौटी रकम :
अङ्कमा रु.
अक्षरेपि रु. ..................................................को बैंक भौचर यसै निवेदन साथ पेस गरिएको छ ।

निवेदक
नाम
पद
सम्पर्क नं.
दस्तखत

कम्पनी वा संस्थाको छाप:

अनुसूची - २
सांस्कृतिक संस्थान, जमल, काठमाडौं
स्टुडियो चार्ज लिने/दिने करारनामा

सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियोमा मिति....................साल...................महिना...................गते ..................... बारदेखि ...........................................शीर्षकको श्रव्य/दृश्य सामग्रीको निर्माण सम्बन्धी क्रियाकलाप सुरु गरिएकाले सो सामग्री सम्पन्न गर्नका निम्ति नियमानुसार स्टुडियो चार्ज लिन/दिन, सांस्कृतिक संस्थान (यस पछिको प्रथम पक्ष) र ..................................................(यस पछिको दोस्रो पक्ष) बीच निम्न शर्त तथा सीमाभित्र रही यो करारनामा गर्‍यौं।

१. प्रथम पक्षलाई दोस्रो पक्षले धरौटी बापत रकम रु.५०००/- (✓) वा रु.१५,०००/-(✓) बुझाउनु पर्नेछ।
२. दोस्रो पक्षले प्रथम पक्षलाई स्टुडियोको चार्ज संस्थानले तोकेको बैंक खातामा अग्रिम रूपमा जम्मा गरी त्यसको सक्कल भौचर संस्थानको लेखा शाखामा बुझाउनु पर्नेछ।
३. दोस्रो पक्षले स्टुडियो बुकिङ गरिसके पछि रद्द गर्न पाइने छैन। रद्ध गरेमा धरौटी जफत गरिनेछ।
४. दोस्रो पक्षले धरौटी रकम जम्मा गरी तोकिएको समयमा स्टुडियो चार्ज रकम नबुझाएमा धरौटी रकम जफत गरिनेछ।
५. स्टुडियो भित्र कुनै प्रकारको प्रज्वलनशील तथा विस्फोटक पदार्थ, लागूपदार्थ, मादक पदार्थ, हातहतियार र कानुनले निषेध गरेका अन्य जुनसुकै वस्तु तथा सामग्रीहरू ल्याउन पूर्ण रूपमा बन्देज गरिएको छ।
६. श्रव्यदृश्य सामग्री उत्पादन गर्दा कुनै पनि सेवाग्राहीले सभ्य संस्कृति सम्प्रेषण हुने किसिमका कन्टेन्ट प्रयोग गर्नु पर्नेछ। तर नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रि एकता, स्वाधीनता, जातीय, धार्मिक, सामाजिक एवम् सांस्कृतिक सद्भाव खलबलाउने, अदालतको मानहानी हुने तथा मित्र राष्ट्रहरूसँगको सम्बन्धमा आँच पुर्‍याउने किसिमका कन्टेन्ट प्रयोग गर्न पाइने छैन। यदि संस्थानको स्टुडियो मार्फत उत्पादन भएका कुनै सेवाग्राहीको श्रव्यदृश्य सामग्रीका कारण कुनै समस्या आएमा सो सम्बन्धी सम्बन्धित सेवाग्राही नै जवाफदेही हुनेछ।
७. श्रव्यदृश्य क्रियाकलापका लागि संस्थानमा उपलब्ध भएका सामग्री मार्फत सम्बन्धित कार्य सम्पादनका सुविधाहरू उपलब्ध गराइनेछ। सो भन्दा बाहेकका सामग्री खोज गर्न पाइने छैन।
८. संस्थानको स्टुडियो भित्र कुनै सामग्रीमा सेवाग्राहीबाट हानि नोक्सानी हुन सो नोक्सानीको लागत अनुसारको रकम सम्बन्धित व्यक्ति, कम्पनी वा संस्थाले बुझाउनु पर्नेछ।
९. कुनै महत्त्वपूर्ण सरसामान भए सेवाग्राही स्वयंले जतन गर्नु पर्नेछ। हराएमा, टुटफुट भएमा संस्थान जिम्मेवारी हुने छैन।
१०. सेवाग्राही र संस्थान बीच कुनै समस्या आएमा आपसी समझदारीद्वारा समाधान गरिने छ। यदि समझदारीमा नपुगे संस्थानद्वारा गरिने निर्णय नै अन्तिम हुनेछ।
११. सेवाग्राहीले स्टुडियोमा लिएको समयानुसार तोकिएको समयमा नै उपस्थित भई सोही बमोजिम समय गणना हुनेछ। अन्यथा सेवाग्राही ढिला भई बुकिङ गरेको समय भन्दा अन्य समयमा कार्य गर्न पाइने छैन। तोकिएको समयमा उपस्थित नभई अन्य समय लिनु परेमा प्रति घण्टा रु. १००० (रुपैयाँ एक हजार) अतिरिक्त चार्ज लाग्नेछ।
१२. सेवाग्राहीले स्टुडियोमा लिएको समयमा प्राकृतिक प्रकोप, विपद् वा काबु बाहिरको कुनै परिस्थिति सिर्जना भई श्रव्यदृश्य सम्बन्धी कार्य अवरुद्ध भएमा, कार्य सुरु भइसकेपछि सेवाग्राहीको समय गणना हुनेछ।

पूनश्च: माथि उल्लेखित सम्पूर्ण शर्तहरूको अधिनमा रही सांस्कृतिक संस्थानको श्रव्य/दृश्य सम्बन्धी स्टुडियो चार्ज लिन/दिन राजी भई दस्तखत गरिएको छ।

.......................
श्रव्यदृश्य शाखा प्रमुख

.......................
व्यक्ति/संस्था/कम्पनी प्रतिनिधि

## अनुसूची-३

सांस्कृतिक संस्थान, जमल, काठमाडौं ।

मिति:......../...... /.......

श्री ...........................

......................................।

**विषय: स्वीकृति पत्र ।**

तपाईं/यहाँको संस्था/कम्पनी ...................................................................... ले सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियोमा श्रव्यदृश्य सामग्री निर्माण गर्नका निम्ति नियमानुसार लाग्ने धरौटी शुल्क संस्थानले तोकेको बैंक खातामा दाखिला गरी मिति................. साल............... महिना.......... गते ............बारदेखि सो कार्य सञ्चालन गर्न करारनामा स्वीकृत गरिएको जानकारी गराइन्छ।

धरौटी रकम :
अङ्कमा रु.:
अक्षरमा:

अग्रिम रूपमा बुझाएमा,
स्टुडियो चार्ज :
अङ्कमा रु.
अक्षरमा :

पुनश्च: स्टुडियो चार्ज रकम श्रव्यदृश्य सामग्री मिक्सिङ/सम्पादन हुनुभन्दा एकदिन अगाडि नै संस्थानले तोकेको बैंक खातामा जम्मा गरिसक्नु पर्नेछ ।

...............
प्रमुख
श्रव्यदृश्य शाखा

अनुसूची-४
सांस्कृतिक संस्थान
श्रव्यदृश्य शाखा

मितिः-

श्रव्यदृश्य क्रियाकलापको निम्ति संस्थानको रेकर्डिङ स्टुडियो सेवाग्राहीद्वारा प्रयोग सम्बन्धी विवरण:

१. स्टुडियो प्रयोग गर्ने कम्पनी/संस्था/व्यक्तिको नामः........................................................

२. स्टुडियो बुकिङ गरेको मितिः..................................समयः.................देखि..............सम्म

३. स्टुडियो प्रयोग गरेको मितिः..................................समयः.............देखि...............सम्म

४. बुकिङ गरेको समयभन्दा बढी प्रयोग गरेको समयः........................................................

५. बढी समय प्रयोग गरे बापत लागेको थप बेहोर्नुपर्ने रकमः...............................................

६. प्रयोगकर्ताले कुनै सामग्रीहरू बिगारे बापत लिनुपर्ने रकमः ..........................................

७. धरौटी रकमबाट जम्मा कट्टा गर्नुपर्ने रकमः.....................................................................

८. धरौटी बापत फिर्ता गर्नुपर्ने रकमः...............................................................

......................
प्रमुख
श्रव्यदृश्य शाखा

सांस्कृतिक संस्थान
२०३२

## अनुसूची -५

### सांस्कृतिक संस्थान रेकर्डिङ स्टुडियो कार्य विवरण

| क.सं | मिति | विवरण: श्रव्य/दृश्य सामग्री शीर्षक तथा व्यक्ति,संस्था वा कम्पनीको नाम | समय | | | स्टुडियो चार्ज | विलम्ब वा अन्य शुल्क | धरौटी मिलान तथा जफत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | विहान | दिउँसो | साँझ | | दफा ५ को खण्ड (छ) र दफा ९ को खण्ड (क) सँग सम्बन्धित | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| १८ | | | | | | | | | | |
| १९ | | | | | | | | | | |
| २० | | | | | | | | | | |
| २१ | | | | | | | | | | |
| २२ | | | | | | | | | | |
| २३ | | | | | | | | | | |
| २४ | | | | | | | | | | |
| २५ | | | | | | | | | | |
| २६ | | | | | | | | | | |
| २७ | | | | | | | | | | |
| २८ | | | | | | | | | | |
| २९ | | | | | | | | | | |
| ३० | | | | | | | | | | |
| ३१ | | | | | | | | | | |
| ३२ | | | | | | | | | | |
| | | कुल जम्मा रकम | | | | | | | | |